# वराहपोखरी गाउँपालिका

BARAHAPOKHARI RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

बाघखोरभन्ज्याङ, खोटाङ

BAGHKHOR BHANJYANG, KHOTANG

कोशी प्रदेश, नेपाल

KOSHI PROVINCE, NEPAL

## कार्यसम्पादन सम्झौता

यस वराहपोखरी गाउँपालिका, बाघखोरभन्ज्याङ, खोटाङका गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जारासँग प्रमुख प्रशासकीय अधिकृत श्री अभिषेक घिमिरेले गर्नु भएको कार्य सम्पादन सम्झौता

| क्रसं | कृयाकलाप | उपलब्धी सूचक |
|---|---|---|
| १. | सभा र कार्यपालिकाको सचिवको रुपमा कार्य गर्ने र निर्णय कार्यान्वयन गर्ने गराउने । | कार्यपालिका र सभाको बैठक कानुनले तोकेको समयसीमा र प्रक्रिया बमोजिम कार्य सम्पन्न भएको हुनेछ । |
| २. | वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न सहयोग गर्ने साथै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने | स्वीकृत कार्यक्रम तथा बजेटको कम्तीमा ८० प्रतिशत प्रगति हासिल भएको हुनेछ । |
| ३. | कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फछ्यौट गर्ने गराउने । | आ.ले.प. र. म.ले.प. समयमा नै सम्पन्न भएको हुनेछ । आर्थिक कारोबार एवं कोषको अभिलेख दुरुस्त हुनेछ । |
| ४. | गाउँपालिकाको चल, अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने गराउने । | गाउँपालिकाको चल, अचल सम्पत्तिको अभिलेख व्यवस्थित रुपमा अद्यावधिक भएको हुनेछ । |
| ५. | प्रमुखको निर्देशनमा कार्यपालिकाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने गराउने । | कार्यपालिका र सभाको बैठक सूचना समयमै सदस्यहरुलाई पुगेको हुनेछ । |
| ६. | कार्यपालिकाको निर्णय प्रमाणित गर्ने एवम् सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने । | कार्यपालिकाको निर्णय प्रमाणित गरी प्रत्येक निर्णय व्यवस्थित एवं सुरक्षित साथ राखिएको हुनेछ । |
| ७. | न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णयसम्बन्धी मिसिल संरक्षण गर्ने गराउने । | न्यायिक समितिको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल सुरक्षित रुपमा राखिएको हुनेछ । |
| ८. | गाउँपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने । | गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार भई त्यसको कार्यान्वयन भएको हुनेछ । |
| ९. | सार्वजनिक खरिद योजना तयार गरी खरिदसम्बन्धी कार्य गर्ने गराउने । | प्रत्येक वर्ष भाद्र महिनाभित्र वार्षिक खरिद योजना तयार भएको हुनेछ । |
| १०. | गाउँपालिकाको अधिकार क्षेत्रभित्रका विषयमा कानुनहरु बनाउने । | गाउँपालिकाको अधिकार क्षेत्रका विषयमा आवश्यक कानुनको मस्यौदा तयार गरी कार्यपालिका समक्ष पेश भएको हुनेछ । |
| ११. | न्यूनतम दररेट निर्धारण गर्ने गराउने । | आर्थिक वर्ष शुरु हुनु भन्दा १५ दिन अगावै न्यूनतम दररेट निर्धारण भई कार्यपालिकाबाट स्वीकृत भएको हुनेछ । |
| १२. | सभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा सात दिन अगावै पत्राचार गर्ने । | सभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको तोकिए बमोजिम पत्राचार भएको हुनेछ । |
| १३. | गाउँपालिकाको सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण गर्ने । | गाउँपालिका भित्र सञ्चालित संघीय र प्रदेशको आयोजना कार्यान्वयन भएको हुनेछ । |
| १४. | आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको बैशाख पन्ध्र गतेभित्र विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउने । | तोकिए बमोजिम वैशाख १५ गतेभित्र विषयगत शाखा र वडा समितिलाई बजेट सीमा पठाएको हुनेछ । |

अभिषेक घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

शालिकराम बन्जारा
गाउँपालिका अध्यक्ष

वराहपोखरी गाउँपालिका
BARAHAPOKHARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
बाघखोरभन्ज्याङ, खोटाङ
BAGHKHOR BHANJYANG, KHOTANG
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

| | | |
|---|---|---|
| १५. | आफुलाई अख्तियारी प्राप्त भएको १५ दिनभित्र विषयगत शाखा, वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिने। | तोकिए बमोजिम वडा तथा विषयगत शाखा स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्न अख्तियारी दिएको हुनेछ। |
| १६. | गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने। | प्रत्येक चौमासिक समाप्त भए पछिको १५ दिन भित्र कार्यपालिकाका बैठकमा चौमासिक आय व्ययको विवरण पेश भएको हुनेछ। |
| १७. | कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कार्यरत कर्मचारीको सुपरिवेक्षण तथा कार्यालयमा नियन्त्रण गर्ने, आवश्यक्तानुसार कर्मचारीलाई काज खटाउने तथा सरुवा गर्ने तथा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने लगायतका सेवालाई प्रभावकारी बनाउने। | कार्यालयको दैनिक कार्य सञ्चालन प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ। |
| १८. | घुम्ती सेवा सञ्चालन गर्ने साथै समय समयमा सार्वजनिक सुनुवाई गर्ने। | वर्षमा कम्तीमा १ (एक) पटक घुम्ती सेवा सञ्चालन भएको हुनेछ। |
| १९. | शाखा प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता तथा कार्यविवरण दिने। | सबै शाखा प्रमुखसँग कार्य सम्पादन सम्झौता तथा कार्यविवरण दिइएको हुनेछ। |
| २०. | बेरुजुको लगत राख्ने साथै बेरुजु फछ्यौट गर्ने गराउने। | वेरुजुको व्यवस्थित लगत राखी प्रत्येक वर्ष नियमानुसार वेरुजु फछ्यौट भएको हुनेछ। |
| २१. | लिलाम बिक्री गर्ने गराउने। | जिन्सी निरीक्षण प्रतिवेदनबाट लिलाम गर्नुपर्ने देखिएका मालसामानको लिलाम बिक्री भएको हुनेछ। |
| २२. | राजश्व संकलन तथा दाखिला गर्ने गराउने साथै प्रचलित कानुन बमोजिम गर्नुपर्ने अन्य कार्यहरु गर्ने। | राजश्व संकलन एवं कानून बमोजिम दाखिला गरी राजश्वको हिसाब व्यवस्थित रुपमा राखिएको हुनेछ। |
| २३. | गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं सेवाग्राही मैत्री बनाउने। | ☞ डिजिटल नागरिक वडापत्र, सेवाग्राही प्रतिक्षाकक्षको व्यवस्था भएको हुनेछ।<br>☞ जिन्सी निरीक्षण भएको हुनेछ।<br>☞ सेवा प्रवाहमा सहज हुने गरी शाखाहरुको लेआउट तयार भएको हुनेछ।<br>☞ एकद्वार प्रणालीवाट सेवा प्रभावहुनेछ।<br>☞ सेवाग्राही प्रतिक्षाकक्षमा खानेपानी, Free Wi-Fi, सुझाव पेटिकाको व्यवस्था भएको हुनेछ।<br>☞ विभिन्न माध्यहरुबाट प्राप्त सेवाग्राहीहरुको गुनासो तथा सुझावको नियमित सम्बोधन मिलेको हुनेछ। |

............................
**अभिषेक घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**वराहपोखरी गाउँपालिका, खोटाङ**

............................
**शालिकराम बन्जारा**
**गाउँपालिका अध्यक्ष**
**वराहपोखरी गाउँपालिका, खोटाङ**

ईति सम्वत् २०८२ साल पौष महिना २३ गते रोज ४ शुभम् !!!